# सामुदायीक सदस्य हित

# को

# विधान २०६१

**प्रस्तावना :**

समुदायको हित अभिवृद्धिका लागि स्थानिय निकायहरुले प्रदान गर्ने सेवा सुविधा र संचालित योजना परियोजनामा दिगो विकास र साझेदारीको भावना जागृत गराई सामुदायिक विकास र यथोचित शहरी वातावरण स्थापनार्थ ठोस योगदान पुऱ्याई सेवा सुविधाको गुणस्तर कायम राखी सामुदायीक विकास र वातावरणका लागी नेपाल अधिराज्यभर स्थानीय विकासमा शैक्षिक, प्राविधिक, र सामाजिक सहयोग अभिवृद्धि गर्ने पवित्र उद्देश्यले एक सामाजिक संस्था गठन हुनु वान्छनिय र आवश्यक भएकोले सामुदायीक सदस्य हित ९ऋयकगलष्तथ :झदभचक क्ष्लतभचभकतभम० नामक संस्था स्थापना गर्न यो विधान वनाई लागु गरिएको छ ।

## <u>परिच्छेद-१</u>

**<u>प्रारम्भिक</u>**

१. **<u>संस्थाको नाम :</u>-** यस संस्थाको नाम सामुदायीक सदस्य हित ९ऋयकगलष्तथ :झदभचक क्ष्लतभचभकतभम० रहनेछ । यसलाई संक्षिप्तमा ऋयकष्ततभम भनिनेछ ।

(क) **<u>संस्थाको कार्यालय रहने ठेगाना</u> :-** यस संस्थाको कार्यालय काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३१ कमलादी मार्गमा रहनेछ । प्रचलित कानुनवमोजिम स्विकृति लिनुपर्नेमा स्विकृति लिई संस्थाको कार्यालय रहने ठेगाना काठमाडौं जिल्ला भित्र नै रहने गरी परिवर्तन गर्न सकिने छ ।

(ख) **<u>संस्थाको कार्य क्षेत्र :-</u>** यस संस्थाको कार्य क्षेत्र काठमाडौं जिल्ला हुनेछ । पछि आवश्यकतानुसार सम्वन्धित् जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई आवश्यकतानुसार नेपाल अधिराज्यभित्र जुनसुकै स्थानमा सम्पर्क तथा शाखा कार्यालयहरु खोल्न एवं कार्यक्षेत्र स्थापना गर्न तथा विस्तार गर्न सकिनेछ ।

(ग) <u>प्रारम्भ</u> :- यो विधान स्थानीय अधिकारीबाट स्विकृत भई संस्था दर्ता भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा : -

(क) “संस्था” भन्नाले सामुदायीक सदस्य हितलाई जनाउनेछ ।

(ख) "समिति" भन्नाले यसै विधान बमोजिम गठन हुने कार्यसमितिलाई जनाउँछ ।

(ग) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउँछ ।

(घ) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

(ङ) "पदाधिकारी" भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई जनाउँछ ।

(च) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(छ) "तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियममा तोकिए बमोजिम हुनेछ ।

(ज) "सभा" भन्नाले यस विधान अन्तर्गतको साधारण वा असाधारण सभालाई जनाउँछ ।

(झ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक विक्रम संम्वतको श्रावण १ गते देखि शुरु भै अर्को वर्षको आषाढ मसान्तसम्मको अवधिलाई संझनु पर्दछ । तर प्रथम आर्थिक वर्षको हकमा संस्था दर्ता भएको मितिदेखि त्यसपछिको आषाढ मसान्तसम्मको अवधि कायम हुनेछ ।

३. <u>**संस्थाको छाप र चिन्ह :**</u> संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । संस्थाको चिन्ह र छाप अनुसूची १ मा उल्लेख भए वमोजिम हुनेछ ।

**परिच्छेद २**

**<u>उद्देश्य</u>**

४. **संस्थाको उद्देश्य : संस्थाको मुख्य उद्देश्यहरु देहाय वमोजिम हुनेछन् ।**

(क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

(ख) स्थानीय स्तरमा स्थानीय समस्याहरुको पहिचान गरी त्यसको समाधानको लागि स्थानीय जनसमुदायलाई नै सहभागी बनाई विभिन्न कार्यमूलक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न गराउन स्थानीय निकाय तथा जनसमुदायलाई प्राविधिक एवं सामाजिक आर्थिक रुपले सहयोग गर्ने र समष्टिगत् सामुदायिक योजना तर्जुमा गरी त्यस्तो योजनाको कार्यान्वयन गर्ने ।

(ग) समुदायमा आधारित स्थानीय विकास तथा वातावरण संरक्षण सम्बन्धी स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गरी स्थानीय जनसमुदाय एवं नागरीक समाजलाई विकासको साझेदारको रुपमा अग्रसर गराउने ।

(घ) ग्रामीण तथा शहरी सामुदायिक विकास तथा वातावरण सुधारका लागि आवश्यक भौतिक, सामाजिक तथा अन्य (प्राविधिक) पूर्वाधारहरु तयार गर्न स्थानीय निकाय एवं समुदायलाई सहयोग गर्ने ।

(ङ) जग्गाको खण्डिकरण तथा अव्यवस्थित बसोवासलाई नियन्त्रित र व्यवस्थित गर्दै भू-उपयोग कार्यक्रम तयार गरी सोको कार्यान्वयन गर्ने ।

(च) समाजका कमजोर, असहाय, बालवालिका तथा महिलाहरुको हक, हित तथा आश्रयका लागि ठोस कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

(छ) स्थानीय जनसमुदायको शिक्षा तथा स्वास्थ्यस्तरमा सकारात्मक परिवर्तन ल्याउन शिक्षा तथा स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने।

(ज) स्थानीय जनसमुदायमा विभिन्न शहरी सेवा तथा सुविधाहरुको पहुँच अभिवृद्धि गर्नका लागि स्थानीय निकाय जनसमुदाय र अन्य संघ संस्थाबीच समन्वय राखी साझेदारीको भावनाअनुरुप विभिन्न किसिमका समूदायमा आधारित परियोजनाहरु संचालन गर्ने ।

(झ) स्थानीय विकास तथा वातावरण संरक्षण बीच सन्तुलन कायप गर्दै प्राचीन कला, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा सुधार गर्नका लागि कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

(ञ) विभिन्न कार्यक्रमहरु मार्फत समाजका असहाय, विपन्न र गरीब वर्गका समुदायको हितलाई ध्यानमा राखी स्वरोजगारको अवसर सिर्जना गर्ने खालका आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

(ट) स्थानीय विकास तथा सामुदायिक हितसम्बन्धी भएका विभिन्न स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल प्रयासहरुको खोज तथा अनुसन्धान गरी त्यस्ता प्रयासहरुको स्थानीय स्तरमा अनुकरण गर्नका लागि आवश्यक प्राविधिक एवं अन्य सहयोग जुटाउने क्रियाकलाप गर्ने ।

(ठ).सामुदायिक हित र स्थानिय विकास सम्वन्धी आधुनिक धारणा एक आपसमा आदान प्रदान गर्दै क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग मिली संस्थाका कार्यक्रम र परियोजनाहरु संचालन तथा कार्यान्वयन गर्ने ।

(ड)यो संस्थाले कार्य संचालन गर्दा सम्वन्धित निकायको स्विकृति, राष्ट्रिय योजना, नीति र कार्यक्रम अनुसार स्थानिय निकायहरुसँग समन्वय राखी संचालन गरिनेछ।

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** यस संस्थाको उपरोक्त उद्देश्य प्राप्तीका लागि संस्थाले देहायवमोजिमका कार्यहरु गर्न सक्नेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानुनबमोजिम सम्वन्धित् निकायबाट अनुमती वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्ने छ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरीद गर्ने छ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा गरी वैंक खाता संचालन गर्ने छ ।

(ङ) माथि उल्लिखित उद्देश्यहरुमा प्रतिकूल असर नपर्ने गरी आवश्यकतानुसार सेवा शुल्क, उपहार, अनुदान ऋण, सापटी इत्यादी नगदी वा जिन्सीका रुपमा स्वीकार गर्नु वा प्रदान गर्नु ।

(च) संस्थाको उद्देश्यसँग मिल्दोजुल्दो उद्देश्य, क्रियाकलाप भएका राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था व्यक्ति आदि सँग मिलेर कार्य गर्ने ।

(छ) संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक प्रविधि सूचना प्राप्त गर्ने ।

(ज) संस्थाको उद्देश्य प्राप्तीका लागि आवश्यक पर्ने कानुन वमोजिमका कार्यहरु गर्ने गराउने ।

(झ) संस्थाको अस्तित्व :- यो संस्था एक अविछिन्न उत्तराधिकारवाला सङ्गठित स्वशासित मुनाफारहित गैर राजनीतिक तथा गैर सरकारी समाजिक संस्था हुनेछ । यस संस्थाको आफ्नो उद्देश्यबाहेक आयआर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन । यस संस्थाले व्यक्ति सरह आफ्नो नाममा चलअचल सम्पत्ति प्राप्त गर्न, हकहस्तान्तरण गर्न, धितोवन्धक लिन दिन तथा संस्थाको सम्पत्ति कुनै स्थानिय वैंक वा वित्तिय संस्थामा धितो राखी वा नराखी ऋण सुविधा प्राप्त गर्न, कुनै सम्पत्ती लिजमा दिन तथा लिन, कुनै पनि व्यक्ति संघ, संस्था, गुठीसँग प्रचलित कानुन वमोजिम आवद्ध भै काम गर्न समेत सक्नेछ । यसले व्यक्ति सरह आफ्नो नामबाट संझौता गर्न, मुद्दा मामिला गर्न, निवेदन गर्न मिलापत्र गर्न, नालेस गर्न, प्रतिवाद गर्न समेत सक्नेछ ।

परिच्छेद ३

सदस्यता :

६. **सदस्यताको वर्गीकरण :**

यस संस्थामा देहाय वमोजिमका सदस्यहरु रहन सक्नेछन् :

(क) संस्थापक सदस्य :- यो विधान स्वीकृत हुँदाको बखत यस विधानमा हस्ताक्षर गर्ने पदाधिकारीहरु संस्थापक सदस्य मानिनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर मात्र साधारण सभामा मतदान गर्न पाउनेछन् ।

(ख) आजीवन सदस्य :- संस्थालाई एकमुष्ट वा किस्तावन्दीमा रु.२५,०००।- (पच्चिस हजार) रुपैंया प्रदान गर्ने व्यक्तिलाई कार्यसमितिले निर्णय गरी आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) साधारण सदस्य :- प्रवेश शुल्क वापत रु.१०००।- (एक हजार) रुपैया दिई आवेदन गर्नेलाई कार्यसमितिले साधारण सदस्यता प्रदान गर्न सक्नेछ र साधारण सदस्यको नविकरण दस्तुर रु.१००।- (एक सय) रुपैयाँ हुने छ । साधारण सदस्यता प्रत्येक वर्षको आषाढ मसान्त सम्म नवीकरण गराइ सक्नुपर्छ ।

(घ) मानार्थ सदस्य :- संस्थालाई भौतिक सहयोग प्रदान गर्ने व्यक्तिहरु वा कार्य समितिले सिफारिस गरी साधारण सभाले उपयुक्त ठहर गरेको विशिष्ट लब्ध प्रतिष्ठित व्यक्ति वा संघ संस्थालाई संस्थाको मानार्थ सदस्यता दिन सकिने छ ।

७. **सदस्य प्राप्तीका लागि आवश्यक योग्यता**

यस विधानको धारा ८ वमोजिम अयोग्य नभएको कुनै पनि व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न योग्य भएको मानिने छ ।

८ सस्थाको सदस्य नियुक्ती हुन वा वहाल रहन नसक्ने अवस्था : निम्न व्यक्तिहरु संस्थाको सदस्यताको लागि अयोग्य मानिनेछन् ।

(क) १६ वर्ष उमेर पुरा नगरेको तथा गैर नेपाली नागरिक ।

(ख) कुनै प्रकारको चोरी, ठगी, किर्ते, वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्ट्राचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्ष भित्र ।

(ग) मानसिक सन्तुलन गुमाएको ।

(घ) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

(ङ) दामासाहीमा परेको ।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**९. देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।**

(क)यस विधानको धारा ८ बमोजिम सदस्य हुन नसक्ने भएमा,

(ख)संस्थाको प्रचलित नियम उलंघन गरेको वा संस्थाको अहित हुने काम गरेको भनी संस्थाको सभाले ७५% को बहुमतले प्रस्ताव पारित गरी त्यस्तो सदस्यको सदस्यता समाप्त गर्न सक्ने छ ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ)संस्थाको काम कारवाहीमा वेइमानी वा वद्नियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) मृत्यु भएमा ।

(च)यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

तर कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ती हुन वा वहाल रहन अयोग्य ठहऱ्याउनु भन्दा अघी संस्थाले त्यस्तो व्यक्तिलाई सो कुराको सूचना दिई आफ्नो सफाइ पेश गर्ने अवसरबाट वन्चित गरिने छैन ।

**१०.सदस्यता प्रदान गर्ने विधी :**

(क) सबै किसिमका सदस्यताको वितरण तोकिएको ढाँचामा निवेदन लिई कार्यसमितिले निर्णय गरी वितरण गर्ने छ । कुनै आवेदकलाई सदस्यता नदिने निर्णय कार्यसमितिले गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

(ख) सबै सदस्यले विधान बमोजिमको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

## परिच्छेद-४

**साधारण सभा तथा वैठक सम्वन्धी व्यवस्था :**

**११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धी कुराहरु :**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा :

(ख) विशेष साधरण सभा :

(२) यस संस्थाको प्रथम वार्षिक साधरण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र गरिनेछ ।

(३.) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ मिति र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यलाई सूचना दिइने छ ।

(४) उपधारा ३ बमोजिम बोलाइएको साधारण सभामा धारा १४ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ ।

(५) यस संस्थाको विधानको धारा ६(घ) बमोजिम सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु रहेको संस्थाको साधारण सभा गठन हुनेछ । संस्थापक सदस्यहरुले पनि आजिवन वा साधारण सदस्यता लिनुपर्नेछ । मानर्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(६) **साधारण सभाको काम कर्तव्य र अधिकार** :

(क) संस्थाको कार्यसमितिको पदाधिकारीहरुको विधानबमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने,

(ख) कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरी पदमुक्त गर्ने ,

(ग) विधानको अधिनमा रही आवश्यक नियमावली स्वीकृत गर्ने, दरबन्दी सृजना गर्ने, पारीश्रमिक निर्धारण गर्ने,

(घ) कार्य समितिले पेश गरेको वार्षिक कार्यक्रम र बजेट पारित गर्ने,

(ङ) आगामी वर्षको लागि लेखा परीक्षक नियुक्त गर्ने, पारीश्रमिक तोक्ने,

(च) लेखापरिक्षकबाट प्राप्त वार्षिक लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र देखिएका वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फर्छयौट गर्नको लागि कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(छ) कार्यसमितिद्वारा पेश भएका विधान नियम तथा विनियम स्वीकृत गर्ने, संशोधन गर्ने र मानार्थ सदस्य प्रदान गर्ने ।

(ज) संस्थाको सर्वोच्च अङ्गको रुपमा रही संस्थाको हित अनुकूल भएका कामकारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने तथा आवश्यक कार्य सम्पादन गर्ने गराउने ।

१२. गणपुरक संख्या :

कूल सदस्य संख्याको ६० % को प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर विधानको धारा ११ को उपधारा ४ बमोजिम पुनः वोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१% प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

१३. कार्यसमिति :-

(क) कार्य समितिको नियुक्ती वार्षिक साधारण सभाको हुनेछ ।

तर प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि निम्नबमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्यसमिति रहनेछ ।

| | |
|---|---|
| जुनडंगोल हाडा | अध्यक्ष |
| संजीव हाडा | उपाध्यक्ष |
| दिनेशलाल श्रेष्ठ | सचिव |
| आरती चन्दा प्रधान | कोषाध्यक्ष |
| अमरमान डंगोल | सदस्य |
| राजासुदन प्रधान | सदस्य |
| सतिश पाण्डे | सदस्य |

(ख) हरेक २ वर्ष पदावधि रहने गरी साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहायका पद सहित वढीमा ११ जनाको कार्यसमिति रहनेछ ।

१. अध्यक्ष ......१

२. उपाध्यक्ष.....१

३. सचिव .......१

४. कोषाध्यक्ष ...१

५. सदस्यहरु ...७

जम्मा ......११

(ग) वार्षिक साधारणसभा हुनुभन्दा अगावै अध्यक्षको पद रिक्त भएमा पुनः सभा बसी सो पदको मात्र निर्वाचन गरिनेछ र अन्य पदाधिकारी एवं सदस्यको हकमा साधारण सभाका

सदस्यहरुमध्येबाट कार्यसमितिले मनोनयन गर्नेछ । यसरी निर्वाचित वा मनोनित पदाधिकारी तथा सदस्यको कार्यअवधि अघिल्लो कार्य समितिको बाँकी अवधि मात्र हुनेछ ।

(घ) कार्यसमितिको बैठक संस्थाको आवश्यकतानुसार अध्यक्षले तोकेको मिति र समयमा बस्ने छ । कार्य समितिका बहुमत सदस्यहरुले लिखित मागगरेमा त्यस्तो मागगरेको मितिले १५ दिनभित्र अध्यक्षले जुनसुकै समयमा पनि बैठक बोलाउनु पर्नेछ ।

(ङ) कार्यसमितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्ने छ ।

(च) कार्यसमितिको गणपुरक संख्या ५१% हुनेछ र बहुमतको निर्णय मान्य हुनेछ । मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

(छ) कार्यसमितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्ने छ ।

(ज) कार्यसमितिको वैठकमा छलफल भएको विषय र तत् सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी राख्नु पर्ने छ । सो माइन्यूटमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१% ले सही गर्नुपर्ने छ ।

(झ) माथि उपधाराहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिले गर्न पाउने कुनै कामका सम्वन्धमा कार्य समितिका सवै सदस्यहरु लिखितरुपमा सहमत भएमाग त्यस्तो सहमतीलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतीलाई कार्यसमितिको वैठकको निर्णय सरह मानिने छ ।

(ञ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद -५

### १३. काम.कर्तव्य र अधिकार :-

**१. अध्यक्ष :**

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

(ख) निर्णायक मत दिने ।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) संस्थाको नेतृत्व लिने ।

(ङ) आवश्यकतानुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) संस्थाको आर्थिक कारोवार गतिविधि तथा कार्यक्रमहरुमा अन्तिम निर्णय लिने र अभिलेख प्रमाणित गर्ने ।

(ज) श्री ५ को सरकार र अन्तर्राष्ट्रिय संघ संस्थामा आवश्यकतानुसार प्रतिनिधित्व गर्ने गराउने ।

(झ) संस्थाको तर्फबाट सम्वन्धित स्वदेशी वा विदेशी व्यक्ति एवं संस्थासँग सम्पर्क राख्ने ।

२. **उपाध्यक्ष :**

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. **सचिव :**

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

(ङ) संस्थाको तर्फबाट पेश गर्नुपर्ने कागजातहरु सम्वन्धित निकायमा पेश गर्ने तथा संस्थाको तर्फबाट पत्राचार गर्ने गराउने ।

(च) कार्यसमितिको तर्फबाट साधारण सभामा पेश गर्नुपर्ने प्रतिवेदन प्रस्ताव कार्यक्रम आदि तयार गरी समितिमा पेश गर्ने ।

४. **कोषाध्यक्ष :**

(क) संस्थाको कोषको जिम्मा लिई रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

५. **समिति सदस्य :**

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) संस्थाको हितको लागि गर्नुपर्ने अन्य कामहरु गर्नुपर्ने ।

६. **राजीनामा :**

अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी एवं सदस्यहरुले अध्यक्ष मार्फत दिएको राजिनामा कार्यसमितिले स्वीकृत गर्न सक्नेछ ।

७. कार्य समितिको काम कर्तव्य र अधिकार :

(क) संस्थाको उद्देश्य र साधारण सभाले गरेको निर्णय, निर्देशनअनुरुप कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) संस्थाको वार्षिक कार्यक्रम र बजेट साधारण सभामा प्रस्तुत गर्ने ।

(ग) संस्थाको हित हुने कार्यमा कार्यक्रम सञ्चालन गर्ने ।

(घ) मुद्दा मामिला सम्वन्धमा वा अन्य आफ्ना कुनै पनि अधिकार कर्तव्यहरुको सम्वन्धमा समितिका पदाधिकारी वा सदस्य वा कुनैपनि व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) साधारण सभाप्रति उत्तरदायी हुने ।

(च) आफ्नो कार्य अवधिभरका लागि उपयुक्त व्यक्ति र आकारको सल्लाहकार समिति वा अन्य शाखा गठन गर्ने र आवश्यकता अनुरुप कामको बाँडफाड गर्ने ।

(छ) संस्थाको कृयाकलाप सम्पादन गर्न कार्य योजना बनाउने श्रोत जुटाउने कार्यान्वयन गर्ने, सुपरीवेक्षण, अनुमान र मूल्याङ्कन गर्ने गराउने ।

(ज) संस्थाको सम्पत्तिको सुरक्षा र आम्दानी खर्चको व्यवस्थापन गर्ने तथा कुनै स्थानिय वैंक वा वित्तिय संघ संस्थामा खाता खोल्ने, संचालन गर्ने, आवश्यक रकम ऋण वा सापटी लिने धितो वन्धक दिने ।

(झ) स्वीकृत नियमावली बमोजिम कर्मचारीको छनौट गर्ने, जिम्मेवारी दिने र रेखदेख गर्ने ।

(ञ) संस्थाको नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने तथा संस्थाको उद्देश्य कार्यान्वयन गर्दा गराउदा भैपरी आउने अन्य कामहरु गर्ने ।

(ट) विधानको परिधिभित्र रही कार्यसमितिले आवश्यकतानुसार अन्य समिति उपसमितिहरु को गठन गर्न सक्नेछ ।

## परिच्छेद ६

## आर्थिक प्रबन्ध

१५. संस्थाको कोष :- संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति रहेको आफ्नो एउटा छुट्टै कोष हुनेछ, सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहेछन् ।

(क) सदस्यता शुल्क, प्रवेश शुल्क तथा नवीकरण शुल्क ।

(ख) संस्थाको चलअचल समपत्तिको विक्री प्रयोगबाट हुने आम्दानी ।

(ग) विभिन्न व्यक्ति संघ संस्था, सरकारी तथा गैरसरकारी निकायहरुबाट स्वइच्छाले दिएको अनुदान रकम र ऋणस्वरुप प्राप्त नगदी वा जिन्सी आदि ।

(घ) विदेशि संघ संस्थाबाट अनुदान लिँदा श्री ५ को सरकार अर्थमन्त्रालयको पूर्व स्वीकृति लिईने छ ।

१६. खाता सञ्चालन :-

(क) केन्द्रीय स्तरको खाताको हकमा संस्थाको नाउँमा अध्यक्ष वा सचिवमध्ये एक र कोषाध्यक्ष अनिवार्य गरी दुई जनाको संयुक्त दस्तखतमा मान्यता प्राप्त स्थानिय बैंकमा खाता सञ्चालन गरिनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाइने छ ।

(ख) कार्यालय स्तरको खाताको हकमा सम्वन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको गरी दुई जनाको हस्ताक्षरबाट खाता संचालन गरिनेछ ।

१७. संस्थाको लेखा र लेखापरीक्षण :-

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने छ ।

(ख) यस संस्थाको लेखापरीक्षण साधारण सभाले वा सो सभाले अधिकार प्रत्यायोजन गरेअनुसार कार्य समितिले नियुक्त गरेको मान्यताप्राप्त लेखापरीक्षकद्वारा हुने छ ।

(ग) श्री ५ को सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसावकिताव जाच्न वा जनाउन सक्ने छ ।

(घ) लेखा परीक्षकको नियुक्ती वार्षिक साधारणसभाबाट हुने छ, तर वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ती कार्यसमितिबाट हुनेछ ।

## परिच्छेद-७

## निर्वाचन

१८. कार्यसमितिको निर्वाचन सम्बन्धि व्यवस्था :-

(क) यो संस्था दर्ता भएको मितिले ६ महीना भित्रमा नयाँ कार्यसमितिको निर्वाचन गराई सोको जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

(ख) कार्यसमितिले तोकेको निर्वाचन समितिले हरेक २ वर्षमा निर्वाचन सम्बन्धी प्रचलित व्यवस्थाअनुरुप साधारण सभाका साधारण र आजिवन सदस्यहरुद्वारा गोप्य मतदानद्वारा कार्य समितिको निर्वाचन सम्पन्न गर्ने छ ।

(ग) निर्वाचन समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

(घ) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

(ङ) निर्वाचन सम्पन्न भएपछि यो समिति स्वतः विघटन हुनेछ ।

(च) रिक्त पदको पदपूर्ति बाँकी अवधिको लागि गरिने छ ।

१९. उम्मेदवार हुने योग्यता :

(क) यस विधान बमोजिम साधारण सभामा उपस्थित भई निर्वाचन प्रक्रियामा भाग लिन योग्यता पुगेको सदस्य उम्मेदवारको लागि योग्य हुने छ ।

२०. अविश्वासको प्रस्ताव :-

संस्थाका कुनै पदाधिकारी वा सदस्य उपर कारणसहित साधारणसभाका २५% सदस्यको लिखित प्रस्तावमा साधारणसभासमक्ष अविश्वासको प्रस्ताव पेश हुन सक्नेछ। यस्तोमा तुरुन्त साधारणसभा बोलाइने छ । सम्बन्धित पदाधिकारी वा सदस्यलाई अविश्वासको प्रस्ताव सम्बन्धमा लिखित जानकारी गराई सफाई पेश गर्न ७ दिनको समय दिइनेछ । साधारणसभाको कूल सदस्यको २/३ बहुमतबाट त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदको व्यक्ति पदमुक्त हुनेछ । निर्वाचित भएको छ महिना नपुगि वा प्रस्ताव विफल भएको छ महिना नपुगि पून: त्यसै व्यक्तिउपर त्यस्तो प्रस्ताव ल्याईने छैन । अध्यक्ष पदमुक्त भएमा पुन: निर्वाचन गरिने छ । अन्य पदाधिकारी र सदस्यहरुको हकमा यसै विधान बमोजिम मनोनयन गरिनेछ ।

२१. विधान संशोधन :-

संस्था दर्ता ऐन २०३४ वा प्रचलित कानुनबमोजिम यो विधानको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा त्यस्तो संशोधन प्रस्ताव कार्यसमितिको कुनै पदाधिकारी सदस्य वा साधारणसभाका सदस्यले कार्यसमितिसमक्ष पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्तावमा कार्यसमितिले समर्थन जनाएमा साधारणसभासमक्ष पेश गरिनेछ । साधारणसभाको कुल सदस्य संख्याको २/३ बहुमतबाट विधान संशोधन प्रस्ताव पारीत भएमा त्यस्तो संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति भएपछि लागु भएको मानिनेछ।

२२. विनियम बनाउन सक्ने : संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्ने छ । र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्ने छ ।

२३. **तदर्थ समिति :** यो सस्था स्थापना गरी दर्ता गराउन गठित तदर्थ समितिले ६ महिनाभित्र विधानअनुसारको निर्वाचन कार्य गर्नको लागि समितिको गठन गर्नुपर्ने छ । सो अवधिमा कार्यसमितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

२४. संस्था खारेजी :-

(क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एकभन्दा वढी लिक्वीडेटरहरु र संस्थाको हिसावकिताव जाँच गर्नको लागि

एक वा एकभन्दा वढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछ । लिक्वीडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(ग) खण्ड (ख) बमोजिम नियुक्त लेक्वीडेटर तथा लेखा परीक्षकले संस्था खारेजी सम्वन्धी काम कारवाही गर्नेछन् ।

२५. ऐन अनुसार हुने :-

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुनबमोजिम हुनेछन् । यो विधानको कुनै पनि धाराहरुमा लेखिएका कुनै कुराहरु प्रचलित नेपाल कानुनसँग बाझिन गएमा बाझिन गएको हदसम्म स्वतः खारेज हुनेछ ।

२६. विविध :-

(क) कर्मचारीको व्यवस्था :

संस्थाको दैनिक कार्य संचालन योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारीको दरवन्दी सिर्जना पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु कार्य समितिले तोकिएबमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाले संचालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पु¥याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योग्यतासमेतको विवरण स्थानिय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पठाइने छ ।

(ग) व्याख्या :-

यो विधान र यस अन्तर्गत बनेका नियम विनियमको व्याख्या गर्ने अन्तिम अधिकार कार्यसमितिलाई हुनेछ ।

(घ) **पालना गर्नुपर्ने :-**

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यहरुले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन र संस्थाको गोप्यता भङ्ग गर्न हुँदैन । कार्यसमितिका पदाधिकारी वा सदस्य तथा साधारण सभाका सदस्यहरुले बैठक वा सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्नु हुँदैन ।

**(ङ) निर्देशनको पालना :-**

श्री ५ को सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तव्य हुनेछ ।

२७. हामी **सामुदायीक सदस्य हित संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मंजुर भई निम्न साक्षीहरुको रोहवरमा विधानमा सही छाप गर्दछौं ।**

| **संस्थापकको नाम, थर, ठेगाना :** | | **साक्षीहरुको नाम, थर, ठेगाना :** | |
|---|---|---|---|
| नाम, थर : जुन ( डंगोल) हाडा<br>दस्तखत : | ठेगाना : का.जि.का.म.न.पा.वडा नं ३१ व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : संजीव हाडा<br>दस्तखत : | ठेगाना : का.जि.का.म.न.पा.वडा नं ३१ व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : दिनेशलाल श्रेष्ठ<br>दस्तखत : | ठेगाना : का.जि.का. म.न.पा. वडा नं. ३० व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : आरती चन्दा प्रधान<br>दस्तखत : | ठेगाना : ल.पु.उप म.न.पा. वडा नं. १८ व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : **राजासुदन प्रधान**<br>दस्तखत : | ठेगाना : का.जि.का.म.न.पा.वडा नं. २३ व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : **सतिश पाण्डे**<br>दस्तखत : | ठेगाना : का.जि.का. म.न.पा. वडा नं. २२ व्लक नं. | नाम, थर : | ठेगाना |
| नाम, थर : | ठेगाना : का.जि.का. | नाम, थर : | ठेगाना |

| | | | |
|---|---|---|---|
| **अमरमान डंगोल**<br>दस्तखत : | म. न.पा. वडा नं.२१<br>व्लक नं. | | |

**अनुसूची-१**

अनुसुची -१

(नियम ३ संग सम्बन्धित )

श्री स्थानीय अधिकारी

जिल्ला प्रशासन कार्यालय काठमाडौं

महोदय,

हामीले सामुदायीक सदस्य हित नेपाल नामक संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन २०३४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको चार प्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नाम :- सामुदायीक सदस्य हित

२. **संस्थाको ठेगाना :** का.जि.का.म.न.पा. वडा नं. ३१ कमलादी मार्ग

३ **संस्थाको घर नं.** ४००/४१ टेलिफोन नं. : ४२५२५९८ इमेल :
पोस्ट वक्स नं. : २५४७

४. संस्थाको उद्देश्यहरु :-

(क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

(ख) स्थानीय स्तरमा स्थानीय समस्याहरुको पहिचान गरी त्यसको समाधानको लागि स्थानीय जनसमुदायलाई नै सहभागी बनाई विभिन्न कार्यमूलक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न गराउन स्थानीय निकाय तथा जनसमुदायलाई प्राविधिक एवं सामाजिक आर्थिक रुपले सहयोग गर्ने र समष्टिगत् सामुदायिक योजना तर्जुमा गरी त्यस्तो योजनाको कार्यान्वयन गर्ने ।

(ग) समुदायमा आधारित स्थानीय विकास तथा वातावरण संरक्षण सम्बन्धी स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गरी स्थानीय जनसमुदाय एवं नागरीक समाजलाई विकासको साझेदारको रुपमा अग्रसर गराउने ।

(घ) ग्रामीण तथा शहरी सामुदायिक विकास तथा वातावरण सुधारका लागि आवश्यक भौतिक, सामाजिक तथा अन्य (प्राविधिक) पूर्वाधारहरु तयार गर्न स्थानीय निकाय एवं समुदायलाई सहयोग गर्ने ।

(ङ) जग्गाको खण्डिकरण तथा अव्यवस्थित बसोवासलाई नियन्त्रित र व्यवस्थित गर्दै भू-उपयोग कार्यक्रम तयार गरी सोको कार्यान्वयन गर्ने ।

(च) समाजका कमजोर, असहाय, बालवालिका तथा महिलाहरुको हक, हित तथा आश्रयका लागि ठोस कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

(छ) स्थानीय जनसमुदायको शिक्षा तथा स्वास्थ्यस्तरमा सकारात्मक परिवर्तन ल्याउन शिक्षा तथा स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

(ज) स्थानीय जनसमुदायमा विभिन्न शहरी सेवा तथा सुविधाहरुको पहुँच अभिवृद्धि गर्नका लागि स्थानीय निकाय जनसमुदाय र अन्य संघ संस्थाबीच समन्वय राखी साझेदारीको भावनाअनुरुप विभिन्न किसिमका समूदायमा आधारित परियोजनाहरु संचालन गर्ने ।

(झ) स्थानीय विकास तथा वातावरण संरक्षण बीच सन्तुलन कायप गर्दै प्राचीन कला, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा सुधार गर्नका लागि कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

(ञ) विभिन्न कार्यक्रमहरु मार्फत समाजका असहाय, विपन्न र गरीब वर्गका समुदायको हितलाई ध्यानमा राखी स्वरोजगारको अवसर सिर्जना गर्ने खालका आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

(ट) स्थानीय विकास तथा सामुदायिक हितसम्बन्धी भएका विभिन्न स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल प्रयासहरुको खोज तथा अनुसन्धान गरी त्यस्ता प्रयासहरुको स्थानीय स्तरमा अनुकरण गर्नका लागि आवश्यक प्राविधिक एवं अन्य सहयोग जुटाउने क्रियाकलाप गर्ने ।

(ठ) सामुदायिक हित र स्थानिय विकास सम्वन्धी आधुनिक धारणा एक आपसमा आदान प्रदान गर्दै क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग मिली संस्थाका कार्यक्रम र परियोजनाहरु संचालन तथा कार्यान्वयन गर्ने ।

(ड) यो संस्थाले कार्य संचालन गर्दा सम्वन्धित निकायको स्विकृति, राष्ट्रिय योजना, नीति र कार्यक्रम अनुसार स्थानिय निकायहरुसँग समन्वय राखी संचालन गरिनेछ ।

५. **आर्थिक श्रोत :** विधानको धारा १५ वमोजिम ।

६. **प्रबन्ध समितिका सदस्यहरुको :-**

| नाम | पद | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|
| १. जुन (डंगोल) हाडा | अध्यक्ष | का.जि.का.म.न.पा.वडा नं ३१ | शहरी योजना विद | |
| २ संजीव हाडा | उपाध्यक्ष | का.जि.का.म.न.पा.वडा नं ३१ | सिभिल इन्जिनियर | |
| ३. दिनेशलाल श्रेष्ठ | सचिव | का.जि.का.म.न.पा.वडा नं .३० | श्रम परामर्श | |
| ४. आरती चन्दा प्रधान | कोषाध्यक्ष | ल.पु.उप म.न.पा. वडा नं.१८ | भूगर्भ विद | |
| ५. राजासुदन प्रधान | सदस्य | का.जि.का.म.न.पा. वडा नं.२३ | उर्जा यन्जिनियर | |
| ६. सतिश पाण्डे | सदस्य | का.जि.का.म.न.पा.वडा नं २२ | जनस्वास्थ्य विद | |
| ७. अमरमान डंगोल | सदस्य | का.जि.का.म.न.पा.वडा नं २१ | प्राविधिक सिभिल | |

भवदिय

........................
(जुन (डंगोल) हाडा)
संस्थाको अध्यक्ष

मिति : २०६१।  ।  गते

आज  मिति २०६१।४।२ गतेका दिन यस सामुदायिक सदस्यहित संस्था को मुख्य कार्यालय कमलादी, काठमाडौंमा आयोजित यस संस्थाको भेलाले निम्न महानुभावको उपस्थितिमा तपसिल वमोजिमका निर्णयहरु पारित गरिएको छ ।

उपस्थिती :

| | |
|---|---|
| संजीव हाडा | संस्थापक सदस्य |
| दिनेशलाल श्रेष्ठ | संस्थापक सदस्य |
| जुनडंगोल हाडा | संस्थापक सदस्य |
| आरती चन्दा प्रधान | संस्थापक सदस्य |
| अमरमान डंगोल | संस्थापक सदस्य |
| शैलेश वैद्य | संस्थापक सदस्य |
| सतिश पाण्डे | संस्थापक सदस्य |

छलफलका विषयहरु :

१. विधानमाथि छलफल र पारित ।

२. संस्था दर्ता ।

३. अख्तियारी ।

४. विविध :

निर्णय :

१. उपरोक्त विषयमा सामुदायिक सदस्यहित संस्थाको मस्यौदा विधान सवै सदस्यहरुले अध्ययन गरी विस्तृत छलफलहुँदा उक्त विधानलाई सर्वसम्मत रुपमा पारित गरियो ।

२. उक्त संस्थाका निम्न बमोजिम संस्थापक सदस्य तथा तदर्थ समिति रहने गरी संस्था दर्ता गर्ने निर्णय गरियो ।